**बैठक संख्याः १८/२०७९/०८०**

**मितिः २०८०/०२/२६**

**समयः बिहान ११:०० बजे**

**स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| **अन्य** | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १८/०७९-८० मिति २०८०।०२।२६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

भूमे गाउँपालिका
कार्यपालिकाको कार्यालय
लावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रस्तावहरुः

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २. | सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| ३. | पोषणमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धमा | |
| ४. | वैकल्पिक ऊर्जा (सोलार र सुधारिएको चुल्हो) लाभग्राही छनौट सम्बन्धमा | |
| ५. | लम्पी स्किन रोग (प्रकोप) नियन्त्रण सम्बन्धमा | |
| ६. | झोपु हेरालु नियुक्ति तथा परिचालन कार्यविधि सम्बन्धमा | |
| ७. | सहरी आँखा केन्द्र स्थापना सम्बन्धमा | |
| ८. | खाद्य डिपो बिक्री केन्द्र स्थापना सम्बन्धमा | |
| ९. | प्रकोप न्यूनिकरण आयोजना मर्मत स्वीकृत सम्बन्धमा | |
| १०. | गाउँसभा अभिवेशन आव्हान सम्बन्धमा | |
| ११. | न्यायिक निरुपण डकुमेन्ट्री निर्माण सम्बन्धमा | |
| १२. | आगामी आ.व.को नीति तथा कार्यक्रम सम्बन्धमा | |

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षरः
मिति : २०८०।२।२६
पद :

**भूमे गाउँपालिका, रुकुम (पूर्व)**

**बैठक सं. १८/०७९-८० मिति २०८०।०२।२६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब**

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या १७ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा २० वटा निर्णयहरुमध्ये १६ वटा निर्णय कार्यान्वयन भएको र यसअघि कार्यान्वयन नभएका निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

चालु आर्थिक वर्ष २०७९।०८० को जेठ महिनाको हालसम्म सम्पादित कार्यक्रम र सेवा प्रवाह सम्बन्धमा छलफल तथा समीक्षा गरी देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

१) व्यक्तिगत घटना दर्ता तथा वडा कार्यालयबाट प्रवाह हुने अनलाइन सेवामा वडा नं. ९ मा अनलाइन फारम बाहिर भरी टोकन ल्याउनुपर्ने व्यवस्था सेवाग्राहीमैत्री नभएकाले सो हटाई सम्बन्धित वडा कार्यालयबाट नै फारम भर्ने र सेवा दिने व्यवस्था मिलाउने ।

२) सामाजिक सुरक्षा भत्ता लाभग्राही विवरण सबै वडामा अनिवार्य सम्बन्धित वडामै दर्ता अद्यावधिक गर्ने ।

३) सेवा प्रवाहका क्रममा लिइने शुल्कमा कतिपय वडाहरुमा एकरुपता नदेखिएकाले गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था पूर्ण पालना गर्ने गराउने व्यवस्था मिलाउने ।

**निर्णय नं. ३:**

पोषणमैत्रीय स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ को दफा १५ बमोजिम पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न तथा भूमे गाउँपालिकाको पोषण नीति तर्जुमाका लागि आगामी आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन तथा प्राथमिकता तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

गाउँ कार्यपालिकाको बैठक संख्या १७ को निर्णयानुसार लघुजलविद्युत मर्मततर्फ धर्मशाला लघुजलविद्युत आयोजना मर्मत तथा मेशिन खरीद सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने साथै अति विपन्न घरपरिवारलाई वैकल्पिक ऊर्जा (सोलार तथा सुधारिएको चुल्हो) सत् प्रतिशत अनुदानमा उपलब्ध गराउन तपसिल बमोजिमको वडा र लाभग्राही छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विवरण | वडा नं. | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | सोलार (५० वाट) | २, ४ र ५ | १५ | अति विपन्न (रातो कार्ड) र वडा कार्यालयको पुष्ट्याइँ सहितको सिफारिस बमोजिम |
| २ | सुधारिएको चुल्हो | सबै वडा | ५० | अति विपन्न (रातो कार्ड) र वडा कार्यालयको पुष्ट्याइँ सहितको सिफारिस बमोजिम सूचीका ५० जना लाभग्राही |

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति: २०८०।२।२६

**निर्णय नं. ५:**

हाल पशु चौपायाहरुमा महामारीको रुपमा फैलिएको लम्पी स्किन नामक रोग नियन्त्रणका लागि खरिद गरिएको औषधी वापतको रकम रु. ३०००००।- (तीन लाख मात्र) रकम प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने साथै उक्त रोगको संक्रमण दिनानुदिन बढिरहेकाले सोही रकम बराबरको औषधी खरिद प्रक्रिया अगाडि बढाउने साथै आवश्यक परेमा थप जनशक्तिसमेत व्यवस्था गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ६:**

भूमे गाउँपालिकाभित्र निर्मित झोलुङ्गे पुलहरुको मर्मत सम्भार तथा संरक्षणका लागि पुल हेरालु नियुक्ति सम्बन्धी कार्यविधि स्वीकृत गरी पुल हेरालुहरुको क्षमता विकास सम्बन्धी तालिम असार १५ भित्र सञ्चालन गर्ने गरी आवश्यक बजेटको सुनिश्चितता गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:**

आँखा उपचारको प्रभावकारी सेवाको आवश्यकतालाई मध्यनजर गर्दै भूमे गाउँपालिकामा सहरी आँखा केन्द्र स्थापनाका लागि तिलगंगा आँखा प्रतिष्ठानसँग अनुरोध गरी पठाउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ८:**

खाद्य सुरक्षा र सहुलियतमा खाद्य उपलब्धताका लागि भूमे गाउँपालिकामा खाद्य डिपो बिक्री केन्द्र स्थापनाका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, रुकुम (पूर्व) शाखामार्फत अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

प्रकोप जोखिम न्यूनिकरणका लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च बेहोर्ने गरी तपसिल बमोजिमको आयोजना मर्मत स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो:

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | वडा | कूल लागत | कैफियत |
|---|---|---|---|---|
| १ | लुकुमखोला लघुजलविद्युत आयोजना नहर मर्मत | १ | ३५०००० | |

**निर्णय नं. १०:**

लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य संचालन) कार्यविधि ऐन, २०७५ को दफा १ बमोजिम सम्बत् २०८० असार ६ गते भूमे गाउँपालिकाको दोस्रो गाउँसभाको बजेट अधिवेशन आव्हानका लागि सिफारिस गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
२०८०।२।२६

<u>भूमे गाउँपालिका, रुकुम (पूर्व)</u>

**बैठक सं. १८/०७९-८० मिति २०८०।०२।२६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब**

**निर्णय नं. ११:**

स्थानीय न्यायिक समिति तथा मेलमिलाप केन्द्रबाट उपलब्ध हुने सेवा तथा कार्यप्रक्रिया सम्बन्धी जनचेतनामूलक डकुमेन्ट्री निर्माणका लागि कार्यारम्भ गरी आगामी आर्थिक वर्षका लागि बजेट सुनिश्चित गर्ने

**निर्णय नं. १२:**

आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि सबै सरोकारवालाहरुसँग राय सुझाव संकलनका लागि सूचनामार्फत आव्हान गरी सम्बत २०८० असार ६ गते नीति तथा कार्यक्रम र असार १० गते वार्षिक बजेट तथा कार्यक्रम गाउँसभा समक्ष प्रस्तुत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

---

**निर्णयमा फरक मतको अभिलेख**

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | | |

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति: २०८०।२।२६
पद: